## सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रसारण अनुदान वितरण कार्यविधि,२०८१

**प्रस्तावना:** लुम्बिनी प्रदेशको वार्षिक स्वीकृत कार्यक्रम बजेट कियाक्लाप कोड २.७.५.३७ मा समावेश भएको टेलिभिजन कार्यक्रम सामाग्री उत्पादन कार्यक्रम ,बजेट कियाक्लाप कोड २.७.५.३८ मा समावेश भएको रेडियो कार्यक्रम साम्रागी उत्पादन, बजेट कियाकलाप कोड ५.१.९.१२ मा समावेश भएको प्रदेशमा सूचिकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान कार्यक्रम, बजेट कियाकलाप कोड ५.१.९.२७ समावेश भएको एफ. एम रेडियो कार्यक्रम प्रशारण सहकार्य अनुदान कार्यक्रम, बजेट कियाकलाप कोड २.७.५.३९ मा समावेश भएको प्रदेशमा सुचिकृत तथा आवद्ध छापामाध्यमहरुलाई प्रकाशन अनुदान कार्यक्रम २.७.५.४१ मा समावेश भएको प्रदेशमा सुचिकृत तथा आवद्ध अनलाईन माध्यमलाई प्रकाशन प्रसारण अनुदान लगायतका कार्यक्रमलाई सुव्यवस्थित, पारदर्शी, नियमित र परिणाममुखी बनाउन वाञ्छनिय भएकोले, प्रदेश विनियोजन ऐन २०८१ को दफा १० को उपदफा (२) ले प्रदान गरेको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सञ्चार माध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रसारण अनुदान वितरण कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा विनियोजन भएको बजेटको अधिनमा रही मन्त्रालयको तर्फबाट संचार माध्यमलाई कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशन गरे बापत दिइने सहयोग रकम सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "पत्रकार" भन्नाले संचार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामाग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरा पर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, वेव डिजाईनर, स्तम्भ लेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँछ ।

(घ) "संचारमाध्यम" भन्नाले सूचना तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रचलित कानून बमोजिम दर्ता एवं नवीकरण गरेका प्रदेशमा सूचीकृत तथा आवद्ध सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित एफ.एम. रेडियो, टेलिभिजन तथा अन्य विद्युतीय एवम् छापा संचार माध्यम सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिमको सञ्चार माध्यम सूचिकृत समिति सम्झनु पर्छ।

रेखा कँडेल
प्रदेश सचिव

परिच्छेद-२

## टेलिभिजन र रेडियो कार्यक्रम उत्पादन अनुदान

३. **टेलिभिजन कार्यक्रम उत्पादन:** मन्त्रालयले वार्षिक स्वीकृत कार्यक्रममा विनियोजन भएको उत्पादन अनुदान रकमको सीमामा भित्र रही देहाय बमोजिमको शीर्षकमा टेलिभिजन कार्यक्रम उत्पादनको गर्न सार्वजनिक खरिद ऐन, २०६३ दफा ४१ को उपदफा (घ१) बमोजिम सार्वजनिक निकायसँग सोझै वार्ता गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ:-

(क) दिगो विकासको लक्ष्य प्राप्तीमा प्रदेशको अवस्था,
(ख) जलवायु परिवर्तनले पारेको प्रभाव र असर,
(ग) प्रदेश कानूनको कार्यान्वयनको अवस्था,
(घ) प्रदेश शिक्षा,
(ङ) प्रदेश सुशासन,
(च) प्रदेश स्वास्थ्य,
(छ) प्रदेश सुरक्षा
(ज) प्रदेश पर्यटन,
(झ) प्रदेश विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण,
(ञ) प्रदेशमा भएका नवप्रवर्तनका विषयहरु,
(ट) परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा,
(ठ) साँस्कृतिक संरक्षण तथा सामाजिक विकृतिको अन्त्यमा प्रदेश सरकारको भूमिका,
(ड) राजनीतिक परिवर्तनले प्रदेश भित्रका अल्पसंख्यक, सीमान्तकृत तथा अति-सीमान्तकृत जनजातिहरुको जीवनशैलीमा ल्याएको समस्या, चुनौति र अवसर,
(ढ) वैज्ञानिक कृषि प्रणालीमा अवलम्बनमा प्रदेशको भूमिका,
(ण) वन तथा वातावरण संरक्षण सम्बन्धी,
(त) वातावरण, जलस्रोत, पर्यटन, कृषि, कानून, पत्रकारिता वा एक अर्कासँग अन्तर सम्बन्धित विषय,
(थ) सृजनशिलता र उद्यमशीलतामा प्रदेश सरकारको भूमिका,
(द) सूचना प्रविधिको प्रयोग उपयोग तथा दुरुपयोग,
(ध) संघीय संरचना र सोको सकारात्मक/नकारात्मक प्रभाव।

४. **रेडियो कार्यक्रम उत्पादन:** मन्त्रालयले वार्षिक स्वीकृत कार्यक्रममा विनियोजन भएको उत्पादन अनुदान रकमको सीमामा भित्र रही देहाय बमोजिमको विषयमा रेडियो कार्यक्रम उत्पादन गर्न सार्वजनिक खरिद ऐन, २०६३ दफा ४१ को उपदफा (घ१) बमोजिम सोझै वार्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ:-

(क) प्रदेशको आर्थिक विकास र समृद्धि,
(ख) सामाजिक विकासमा प्रदेश सरकारको भूमिका,

रेखा कँडेल
प्रदेश सचिव

(ग) प्रदेश कानूनको कार्यान्वयनको अवस्था,

(घ) संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका,

(ङ) सुशासन, समृद्धि र विकास,

(च) वातावरण संरक्षण,

(छ) प्रदेश शिक्षाको अवस्था,

(ज) प्रदेश विपद् व्यवस्थापन,

(झ) दिगो विकास,

(ञ) प्रदेश प्रशासन,

(ट) प्रदेश पर्यटनको सम्भाव्यता,

(ठ) प्रदेश सरकारका उपलब्धी र चुनौती।

## परिच्छेद-३

## सञ्चार माध्यम सूचिकृत समिति सम्बन्धी व्यवस्था

५. **सञ्चार माध्यम सूचिकृत समितिको गठनः**(१) यस कार्यविधि बमोजिम प्रदान गरिने प्रकाशन तथा प्रसारण अनुदानको लागी सञ्चार माध्यमहरुको सूचिकृत गर्न मन्त्रालयमा देहाय बमोजिमका सदस्यहरुको सहितको सञ्चार माध्यम सूचिकृत समिति हुनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सूचना तथा सञ्चार महाशाखा प्रमुख, मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(च) शाखा प्रमुख, प्रशासन तथा योजना शाखा, मन्त्रालय -सदस्य

(छ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(ज) शाखा प्रमुख, सञ्चार शाखा, मन्त्रालय -सदस्य सचिव

(२)समितिले आवश्यकता अनुसार सञ्चार क्षेत्रका विषयगतका विज्ञ र मन्त्रालयका कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यले सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको बैठक भत्ता पाउनेछन्।

६. **समितिको काम कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन:-

(क) यस कार्यविधि बमोजिमको अनुदानको लागी सुचिकृत हुन आएका सञ्चार माध्यमद्वारा पेश भएका आवेदन तथा संलग्न कागजातहरुको आवश्यक जाँचबुझ गर्ने,

(ख) खण्ड (क) बमोजिम जाँचबुझ गरेपश्चात कागजात पुरा भएका सञ्चार माध्यमलाई सूचिकृत गर्ने,

(ग) सूचिकृत गरेका सञ्चार माध्यमको विवरण तयार गरी पेश गर्ने,

रेखा कँडेल
प्रदेश सचिव

(घ) सूचिकृतको सम्बन्धमा कुनै बाधा उत्पन्न भएमा कार्यविधी र सर्वोत्तम हितको आधारमा समधान गर्ने,

## परिच्छेद-४

## टेलिभिजन तथा रेडियो कार्यक्रम प्रसारण अनुदान

७. रेडियो तथा टेलिभिजनहरुको सुचिकृत: (१) दफा ३ बमोजिम उत्पादन भएका टेलिभिजन कार्यक्रम र दफा ४ बमोजिम उत्पादन भएका रेडियो कार्यक्रमको प्रसारणको लागी मन्त्रालयले रेडियो तथा टेलिभिजन कार्यक्रम प्रशारण अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रसारण अनुदानको लागी टेलिभिजन र रेडियोहरुलाई सूचिकृत गर्न मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइट र राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत सूचना प्रकाशन गरी आवेदन अह्वान गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भए पश्चात यस कार्यविधि बमोजिमको कार्यक्रम प्रसारणको अनुदान प्राप्त गर्न ईच्छुक टेलिभिजन र रेडियोले देहाय बमोजिमका कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा सूचनासाथ संलग्न ई-मेलमा वा मन्त्रालयमा सूचिकृतको लागि निवेदन दिन सक्नेछन्-

(क) संचारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण समेत) को प्रमाणित प्रतिलिपी,
(ख) विधान/प्रबन्धपत्र वा सोही बमोजिमको कागजातको प्रमाणीत प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी,
(घ) इजाजतपत्रको नविकरणको प्रमाणीत प्रतिलिपि,
(ङ) सञ्चारको क्षेत्रमा कम्तीमा ५ जनालाई नियमति रुपमा रोजगारी प्रदान गरको खुलाउने कागजात,
(च) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण खुलाउने कागजात ,
(छ) लाभान्वित हुने अनुमानित जनसंख्याको विवरण,
(ज) श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमहरु पालना गरेको स्वःघोषणा,
(झ) स्थायी लेखा नम्बरको प्रमाणीत प्रतिलिपी,
(ञ) आचार संहिताको उल्लंघन गरी कारवहीमा नपरेको स्वःघोषणा,
(ट) सूचनामा तोके बमोजिमका अन्य कागजातहरु।

(४) यस दफा बमोजिम सूचिकृतको लागि निवेदन प्राप्त भएपश्चात मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजातहरु सहित सुचिकृतको लागी समिति समक्ष पठाउनेछ।

८. टेलिभिजन प्रसारण अनुदान वितरण:(१)मन्त्रालयले यस कार्यविधि बमोजिम सूचिकृत भएका टेलिभजनहरुसँग दफा ३ बमोजिम उत्पादन भएका टेलिभिजन कार्यक्रम प्रसारणको लागी अनुसूची-४ बमोजिको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गरेपश्चात टेलिभिजनहरुले मन्त्रालयद्वारा प्रदान गरेको टेलिभिजन कार्यक्रम प्रसारण गर्नेछन्। यसरी प्रसारण गरे बापत मन्त्रालयले प्रति एपिसोड आठ हजारका दरले टेलिभिजन कार्यक्रम प्रसारण अनुदान प्रदान गर्नेछ।

रेखा कँडेल
प्रदेश सचिव

(३) उपदफा (२) बमोजिम प्रसारण अनुदान प्राप्त गर्ने कार्यक्रम प्रसारण गरेका टेलिभिजले अनूसुची-५ बमोजिको ढाँचामा कार्यक्रम प्रसारण गरेको सम्बन्धमा पुष्टाई गर्ने कागजातहरु सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपश्चात मन्त्रालयले पेश हुन आएका कागजातहरुको आवश्यक जाँच गरी प्रसारण-अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

९. <u>रेडियो कार्यक्रम प्रसारण अनुदानः</u> (१)मन्त्रालयले दफा ७ बमोजिम सूचिकृत भएका रेडियोहरुसँग दफा ४ बमोजिम उत्पादन भएका रेडियो कार्यक्रम प्रसारणको लागी अनुसूची-६ बमोजिको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम रेडियो कार्यक्रम प्रसारणको लागि सम्झौता भएपश्चात सम्झौता भएका रेडियोहरुले मन्त्रालयद्वारा प्रदान गरेको रेडियो कार्यक्रम प्रसारण गर्नेछन्। यसरी प्रसारण गरे बापत मन्त्रालयले प्रति कार्यक्रम तीन हजारको दरले रेडियो कार्यक्रम प्रसारण अनुदान प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रसारण अनुदान प्राप्त गर्न कार्यक्रम प्रसारण गरेका रेडियोले अनूसुची-७ बमोजिको ढाँचामा कार्यक्रम प्रसारण गरेको सम्बन्धमा पुष्टाई गर्ने कागजातहरु सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपश्चात मन्त्रालयले पेश हुन आएका कागजातहरुको आवश्यक जाँचबुझ गरी प्रसारण अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

## परिच्छेदं-५
## <u>छापा सञ्चार माध्यम अनुदान</u>

१०. <u>छापा संचारमाध्यमलाई अनुदानः</u> (१)मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामाग्री प्रकाशन गर्ने छापा संचार माध्यमलाई मन्त्रालयले प्रकाशन अनुदान उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन अनुदानको मन्त्रालयले आफ्नो आधिकारीक वेबसाइड र राष्ट्रिय दैनिक पत्रिका मार्फत सूचना प्रकाशन गरी आवेदन आह्वान गर्ने।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भएपश्चात छापा सञ्चार माध्यमले देहाय बमोजिमको विवरण सहित सूचना साथ संलग्न ईमेल ठेगाना सूचिकृतको लागि निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम संस्था र पत्रपत्रिका दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी,
(ख) स्थायी लेखा नम्बरको प्रमाणीत प्रतिलिपी,
(ग) प्रेस काउन्सिलबाट भएको पछिल्लो बर्गिकरणमा परेको प्रमाणको प्रमाणित प्रतिलिपि,
(घ) नियमति प्रकाशन भएको सम्बन्धमा जिल्ला हुलाक कार्यालयबाट जारी भएको सिफारिस पत्र,
(ङ) संचालकको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,
(च) अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाणित प्रतिलिपि,
(छ) श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमहरु पालना गरेको स्वःघोषणा,
(ज) आचार संहिताको उल्लंघन गरी कारबहीमा नपरेको स्वःघोषणा,
(झ) सूचनामा तोके बमोजिमका अन्य कागजातहरु।

(४) यस दफा बमोजिम सूचिकृतको लागि निवेदन प्राप्त भएपश्चात मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजातहरु सहित सुचिकृतको लागी समिति समक्ष पठाउनेछ।

रेखा कँडेल
प्रदेश सचिव

(५) उपदफा (४) बमोजिम पेश भएका कागजातहरुको जाँचबुझ गरी समितिले छापा संचार माध्यमलाई सूचिकृत गरी मन्त्रालय समक्ष पेश गर्नेछ। मन्त्रालयले यसरी पेश हुन आएका सूचिकृत सञ्चार माध्यमको विवरण आफ्नो आधिकारिक वेबसाईट् प्रकाशन गरी प्रकाशन अनुदानको लागी सम्झौताको आह्वान गर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्झौता गर्न आउने छापामाध्यमसंग मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौतामा गर्नेछ।

११. <u>प्रकाशन सामग्रीको अंक, आकार, स्थान</u> : (१) दफा १० बमोजिम सूचिकृत भई सम्झौता भएका छापा माध्यमहरुले प्रकाशन अनुदान प्राप्त गर्नका लागि देहाय बमोजिमको अंक, आकार र स्थानमा मन्त्रालयद्वारा प्रदान गरिएका सूचनामुलक सन्देशहरु प्रकाशन गर्नु पर्नेछ :-

(क) दैनिक पत्रिकाको हकमा पहिलो पृष्ठको माथि पट्टिको कुना (एअर प्यानल) मा छोटा सन्देशहरु आलो पालो गरी महिनामा तीन पटक र लामा सन्देशहरु आलो पालो गरी पत्रिकाको अन्तिम पृष्ठमा तीन पटक दुई कोलममा ८×१० से.मि. आकारमा छाप्नु पर्नेछ।

(ख) साप्ताहिक र अर्ध साप्ताहिक पत्रिकाको हकमा प्रत्येक महिनामा कम्तिमा ४ अंक प्रकाशित हुनु पर्नेछ। प्रत्येक अंकमा दुई कोलममा ८ x १० सेमी आकारमा पत्रिकाको अन्तिम पृष्ठमा फरक फरक सन्देशहरु छाप्नु पर्नेछ।

(ग) पाक्षिक, मासिक वा सो भन्दा बढी प्रकाशन हुने पत्रिकाहरुको प्रत्येक अंकमा पूरा पृष्ठमा दुईवटा फरक फरक सन्देशहरु छाप्नु पर्ने छ।

(२) छापा माध्यमहरुले उपदफा (१) बमोजिम प्रकाशन भएका अंकहरुको सबै पृष्ठ देहाय बमोजिम पठाउनु पर्नेछः -

(क) राप्ती उपत्यकाबाट प्रकाशित छापा माध्यमहरुले प्रकाशित भएको महिनाको सम्पुर्ण पत्रपत्रिका र बिल सहित महिना समाप्त भएको पाँच दिन भित्र मन्त्रालयमा पठाउन पर्नेछ।

(ख) राप्ती उपत्यका बाहेक अन्य स्थानबाट प्रकाशन हुने छापा माध्यमहरुले प्रकाशन भएको महिनाको सम्पुर्ण पत्रपत्रिका र बिल सहित महिना समाप्त भएको २० दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(ग) खण्ड (क), (ख) मा उल्लेख भएको समय भित्र विवरण नपठाएमा मन्त्रालय भुक्तानी दिन बाध्य हुने छैन।

१२. <u>प्रकाशन अनुदानको रकमको सीमा र भुक्तानी प्रक्रियाः</u>(१) यस कार्यविधि बमोजिम छापा सञ्चार माध्यमलाई प्रसारण अनुदान उपलब्ध गराउँदा सूचना तथा प्रसारण विभागको वर्गिकरण अनुसार प्रति सूचना सम्झौतामा उल्लेख बमोजिम उपलब्ध गराइनेछ।

| सि.नं. | पत्रिकाको किसिम | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | 'घ' वर्ग |
|---|---|---|---|---|---|
| १. | दैनिक | ३००० | २५०० | २००० | १५०० |
| २. | साप्ताहिक/अर्ध साप्ताहिक | ३००० | २५०० | २००० | १५०० |
| ३. | पाक्षिक | ३००० | २५०० | २००० | १५०० |

रेखा कँडेल
प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | मासिक, द्वैमासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक | ३००० | २५०० | २००० | १५०० |

**स्पष्टिकरण**: उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकममा मुल्य अभिवृद्धि कर समेत समावेश भएको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकमको भुक्तानी लिनको लागी छापा माध्यमहरुले प्रकाशन तालिका सहित मन्त्रालयको आधिकारीक ईमेलमा निवेदनमा दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपश्चात मन्त्रालयलें दफा ११ को उपदफा (२) बमोजिमको प्राप्त विवरणको जाँचबुझ गरी प्रकाशन अनुदान रकमको भुक्तिनी दिनेछ।

## परिच्छेद-६
## अनलाईन सञ्चार माध्यमलाई अनुदान

१३. **अनलाईन संचारमाध्यमलाई अनुदान**: (१) मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामाग्री प्रकाशन गर्ने अनलाइन संचार माध्यमलाई प्रकाशन अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराईने प्रकाशन अनुदानको लागी सूचिकृत गर्न मन्त्रालयले आफ्नो आधिकारीक वेबसाइड र राष्ट्रिय दौनिक पत्रिका मार्फत सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भएपश्चात अनलाईन सञ्चार माध्यमले देहाय बमोजिमको विवरण सहित सूचना संलग्न ईमेल ठेगाना वा मन्त्रालयमा सूचिकृतको लागि निवेदन दिनु पर्नेछ:-

(क) सूचना विभागमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी,

(ख) संस्था भएमा संस्था दर्ता प्रमाणपत्र, नविकरण, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणीत प्रतिलिपी,

(ग) व्यक्ति वा संस्थाको सञ्चालक तथा सम्पादनको नाम, थर, ठेगाना, फोन नं र नागरिकताको प्रतिलिपी,

(घ) स्थायी लेखा नम्बरको प्रमाणीत प्रतिलिपी,

(ङ) पत्रिकाबाट अनलाईन दर्ता गरेको नियमित पत्रिका प्रकाशन भएको खुल्ने कागजात,

(च) वेबसाइट डोमेन दर्ता वा नविकरण गरेको प्रमाणको प्रतिलिपी,

(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ज) प्रेस काउन्सिलमा सुचिकृत भएको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी,

(झ) सूचनामा तोके वमोजिमका अन्य कागजातहरु।

(४) यस दफा बमोजिम सूचिकृतको लागि निवेदन प्राप्त भएपश्चात मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजातहरु सहित सुचिकृतको लागी समिति समक्ष पठाउनेछ।

१४. **अनलाईन सञ्चार माध्यमलाई प्रकाशन अनुदान**: (१) मन्त्रालयले दफा १३ बमोजिम सुचिकृत भएका अनलाईन सञ्चार माध्यमहरुसँग प्रकाशन अनुदानको लागी अनुसूची-९ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम भएपश्चात सम्झौता भएका अनलाईन सञ्चार माध्यमहरुले मन्त्रालयद्वारा प्रदान गरेको सूचना प्रकाशन गर्नु पर्नेछ र सो गरे बापत् मन्त्रालयले प्रति महिना एक हजार रुपैयाका दरले कार्यक्रम प्रकाशन अनुदान प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशन अनुदान प्राप्त गर्न सूचना प्रकाशन गरेका अनलाईन सञ्चार माध्यहरुले अनूसुची-१० बमोजिमको ढाँचामा कार्यक्रम प्रकाशन गरेको सम्बन्धमा पुष्टाई गर्ने कागजातहरु सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

रेखा कँडेल
प्रदेश सचिव

(४) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपश्चात मन्त्रालयले पेश हुन आएका कागजातहरुको आवश्यक जाँचबुझ गरी प्रकाशन अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

## परिच्छेदः७
## विविध

१५. अनुदान कार्यक्रमको अनुगमनः(१) मन्त्रालयले यस कार्यविधि बमोजिम प्रदान गरिएको कार्यक्रम प्रकाशन, प्रसारण अनुदानको प्रभावकारीताको सम्बन्धमा आवश्यक अनुगमन गर्नेछ।

१६. कार्यप्रगति विवरणः-(१) यस कार्यविधि बमोजिम कार्यक्रम उत्पादन गर्ने रेडियो र टेलिभिजनले श्रव्य दृव्य सहितको कार्य सम्पन्न प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम प्रकाशन र प्रसारण अनुदान प्राप्त गरेका सञ्चार माध्यमले कार्यक्रम प्रसारण गरेपश्चात सोको कार्य प्रगति प्रतिवेदन मन्त्रालयमा पेश् गर्नु पर्नेछ ।

१७. प्रशासनिक खर्चको विनियोजनः समितिको बैठक भत्ता र कार्यक्रम सञ्चालनको लागि आवश्यक गर्ने अन्य भैपरी खर्चको व्यवस्थापन विनियोजित कार्यक्रमबाट खर्च गरिनेछ ।

१८. लेखा तथा लेखापरीक्षणः यस कार्यविधि बमोजिम भए गरेको खर्चको लेखा र लेखा परीक्षण लेखा प्रणाली अनुसार हुनेछ।

१९. सरकारी बाँकी सरह असुल उपर गरीनेः अनुदान प्राप्त गर्ने सञ्चार माध्यमले यस कार्यविधि बमोजिम भएको सम्झौतामा उल्लिखित शर्त विपरीत कार्य गरेमा अनुदान बापतको रकम मन्त्रालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

२०. दोहोरो अनुदान नपाउनेः- यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि बमोजिम एक प्रकारको अनुदान प्राप्त गरेको कुनै संचार माध्यमले दोहोरो पर्ने गरी अर्को प्रकारको अनुदान पाउँने छैन।

२१. अनुदान रकमको सीमाः यस कार्यविधि बमोजिमको अनुदान रकमको सीमा विनियोजित बजेटको सीमा भित्र हुनु पर्नेछ।

२२. बाधा अडकाउ फुकाउनेः यस कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

रेखा कँडेल
प्रदेश सचिव

अनुसुची- १

(दफा ३ सँग सम्बन्धित)

## नेपाल टेलिभिजनसँग टेलिभिजन कार्यक्रम उत्पादन सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र नेपाल टेलिभिजन कोहलपुर (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधी भनिएको) को दफा ३ बमोजिमका शीर्षकमा टेलिभिजन कार्यक्रम उत्पादनको गर्न तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिलः

१. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकमबाट दिगो विकासको लक्ष्य प्राप्तीमा प्रदेशको अवस्था, जलवायु परिवर्तनले पारेको प्रभाव र असर, प्रदेश कानूनको कार्यान्वयनको अवस्था, प्रदेश शिक्षा, प्रदेश सुशासन, प्रदेश स्वास्थ्य, प्रदेश सुरक्षा, प्रदेश पर्यटन, प्रदेश विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, प्रदेशमा भएका नवप्रवर्तनका विषयहरु,परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा, साँस्कृतिक संरक्षण तथा सामाजिक विकृतिको अन्त्यमा प्रदेश सरकारको भूमिका, राजनीतिक परिवर्तनले प्रदेश भित्रका अल्पसंख्यक, सीमान्तकृत तथा अति-सीमान्तकृत जनजातिहरुको जीवनशैलीमा ल्याएको समस्या, चुनौति र अवसर,वैज्ञानिक कृषि प्रणालीमा अवलम्बनमा प्रदेशको भूमिका, वन तथा वातावरण संरक्षण सम्बन्धी,वातावरण, जलस्रोत, पर्यटन, कृषि, कानून, पत्रकारिता वा एक अर्कासँग अन्तर सम्बन्धित विषय, सृजनशिलता र उद्यमशीलतामा प्रदेश सरकारको भूमिका, सूचना प्रविधिको प्रयोग उपयोग तथा दुरुपयोग, संघीय संरचना र सोको सकारात्मक/नकारात्मक प्रभाव शीर्षकमा कार्यक्रम उत्पादन चार वटा अंकको दरले महिना सुरु हुनु भन्दा एक हप्ता पहिलो प्रथम पक्षलाई उपलब्ध गराईसक्नु पर्नेछ।

२. दोस्रो पक्षले उत्पादन गरेका कार्यक्रमको अवधी कम्तिमा २० मिनेटको हुनु पर्नेछ।

३. प्रथम पक्षले कार्यक्रम उत्पादन गरेको बापतको उत्पादन अनुदान रकम दोस्रो पक्षलाई मासिक रुपमा उपलब्ध गराउनेछ र यसरी उपलब्ध गराउने रकमको सीमा विनियोजित बजेटको रकमको सीमा भित्र रही हुनेछ।

४. दोस्रो पक्षले प्रथम पक्षद्वारा उपलब्ध गराउने अनुदान रकम भुक्तानी लिन आउँदा उत्पादनको विवरण तथा उपलब्धी सहितको कार्य प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिम कार्यक्रम उत्पादन गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी प्रथम पक्षले हुनेछ।

६. दोस्रो पक्षले सम्झौता उल्लेख गरेका विषयका नभई अन्य विषयमा कार्यक्रम उत्पादन गरेमा प्रथम पक्ष उत्पादन अनुदान वापत् रकम भुक्तानी गर्न बाध्य हुने छैन।

७. प्रथम पक्षले दोस्रो पक्षले उत्पादन गरेको कार्यक्रमको गुणस्तरजाँच गर्न सक्नेछ।

८. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

९. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१०.यसमा उल्लेख भएका विषय बाहेक अन्य विषयको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ

११.यसमा लेखिएको बाहेक अन्य कुराको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................. | ......................... |
| नामः | नामः | नामः |
| पद | पदः | पदः |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरु

........................... ........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्.....................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

## रेडियो नेपालसँग रेडियो कार्यक्रम उत्पादन सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र रेडियो नेपाल (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधि भनिएको) को दफा ४ बमोजिमका शीर्षकमा रेडियो कार्यक्रम उत्पादनको सम्बन्धमा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिल

१. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकमबाट प्रदेशको आर्थिक विकास र समृद्धि, सामाजिक विकासमा प्रदेश सरकारको भूमिका, प्रदेश कानूनको कार्यान्वयनको अवस्था, संघीयता कार्यान्वयनमा प्रदेशको भूमिका, सुशासन, समृद्धि र विकास, वातावरण संरक्षण, प्रदेश शिक्षाको अवस्था,प्रदेश विपद् व्यवस्थापन, दिगो विकास, प्रदेश प्रशासन, प्रदेश पर्यटनको सम्भाव्यता, प्रदेश सरकारका उपलब्धी र चुनौती प्रभाव शीर्षकमा कार्यक्रम उत्पादन गरी प्रति महिना चारवटा कार्यक्रम उत्पादन गरी महिना शुरु हुनु भन्दा एक हप्ता अगावै प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

२. प्रथम पक्षले कार्यक्रम उत्पादन गरेको बापतको उत्पादन अनुदान रकम दोस्रो पक्षलाई मासिक रुपमा उपलब्ध गराउनेछ र यसरी उपलब्ध गराउने रकमको सीमा विनियोजित बजेटको रकमको सीमा भित्र रही हुनेछ।

३. दोस्रो पक्षले प्रथम पक्षद्वारा उपलब्ध गराउने अनुदान रकम भुक्तानी लिन आउँदा उत्पादनको विवरण तथा उपलब्धी सहितको कार्य प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिम कार्यक्रम उत्पादन गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी प्रथम पक्षले हुनेछ।

५. दोस्रो पक्षले सम्झौता उल्लेख गरेका विषयका नभई अन्य विषयमा कार्यक्रम उत्पादन गरेमा प्रथम पक्ष उत्पादन अनुदान वापत् रकम भुक्तानी गर्न बाध्य हुने छैन।

६. प्रथम पक्षले दोस्रो पक्षले उत्पादन गरेको कार्यक्रमको गुणस्तर जाँच गर्न सक्नेछ।

७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

८. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

९. यसमा उल्लेख भएका विषय बाहेक अन्य विषयको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ

१०.यसमा लेखिएको बाहेक अन्य कुराको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
| --- | --- | --- |
| ............................ | .................. | ........................ |
| नाम: | नाम: | नाम: |
| पद | पद: | पद: |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरु

........................

........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्.....................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## सुचिकृत निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः सुचिकृत सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति............मा प्रकाशित रेडियो/टेलिभिजन कार्यक्रम प्रसारण गर्नको लागि सुचिकृत हुने सम्बन्धी सूचनानुसार देहाय बमोजिम कागजातहरु संलग्न गरी सूचिकृत हुनका लागी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

निवेदक
नामः
ठेगानाः
पदः
दस्तखतः

संलग्न कागजातहरु

१. .....................................
२. .....................................

रेखा कँडेल
प्रदेश सचिव

## अनुसूची-४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## टेलिभिजन कार्यक्रम प्रसारण अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........टेलिभिजन (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रसारणको सम्बन्धमा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रसारण गर्ने कार्यक्रमहरुको चार वटा अंक प्रत्येक महिनाको पहिलो हप्ता भित्र दोस्रो पक्षलाई मासिक रुपमा उपलब्ध गराउनेछ।
२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको कार्यक्रमहरु चार वटै अंक जुन महिनामा प्राप्त गरेको हो सोही महिना भित्र प्रसारण गर्नु पर्नेछ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम प्रसारण गरेको रकम प्रति अंक आठ हजार रुपैयाको दरले मासिक रुपमा उपलब्ध गराउनेछ।
४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा कार्यक्रम प्रसारण गरेको पुष्टाई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउँनु पर्नेछ।
५. प्रथम पक्षले दोस्रो पक्षले कार्यक्रम प्रसारण गरेको नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।
६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।
७. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।
८. यसमा उल्लेख भएका विषय बाहेक अन्य विषयको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ
९. कार्यविधीमा उल्लेख ~~[illegible]~~लेखिएको विषयको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................... | ........................ |
| नामः | नामः | नामः |
| पद | पदः | पदः |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरु

..........................  ..........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्..................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-५

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

प्रसारण अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम टेलिभिजन कार्यक्रम प्रसारण गरेको हुनाले देहाय बमोजिम कागजातहरु संलग्न गरी प्रसारण अनुदान बापतको रकम भुक्तानीको लागी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

निवेदक
नामः
ठेगानाः
पदः
दस्तखतः

संलग्न कागजातहरु

१. ......................................
२. ......................................

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-६

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## रेडियो कार्यक्रम प्रसारण अनुदान सम्झौता

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........रेडियो (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चार माध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रसारणको सम्बन्धमा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रसारण गर्ने कार्यक्रमहरुको चार वटा अंक प्रत्येक महिनाको पहिलो हप्ता भित्र दोस्रो पक्षलाई मासिक रुपमा उपलब्ध गराउनेछ।
२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको कार्यक्रमहरु चार वटै अंक जुन महिनामा प्राप्त गरेको हो सोही महिना भित्र प्रसारण गर्नु पर्नेछ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम प्रसारण गरेको रकम प्रति अंक तीन हजार रुपैयाको दरले मासिक रुपमा उपलब्ध गराउनेछ।
४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा कार्यक्रम प्रसारण गरेको पुष्टाई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउँनु पर्नेछ।
५. प्रथम पक्षले दोस्रो पक्षले कार्यक्रम प्रसारण गरेको नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।
६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।
७. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।
८. यसमा उल्लेख भएको विषय बाहेक अन्य विषयमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।
९. यसमा लेखिएको बाहेक अन्य कुराको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रथम पक्षको तर्फबाट
...........................
नामः
पद
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

रोहबर
..................
नामः
पदः

दोस्रो पक्षको तर्फबाट
.......................
नामः
पदः

साक्षीहरु
.........................
.........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्..................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-७
(दफा ९ को उपनियम (३) सँग सम्बन्धित)

प्रसारण अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम रेडियो कार्यक्रम प्रसारण गरेको हुनाले देहाय बमोजिम कागजातहरु संलग्न गरी प्रसारण अनुदान बापतको रकम भुक्तानीको लागी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

निवेदक
नामः
ठेगानाः
पदः
दस्तखतः

संलग्न कागजातहरु

१. ....................................
२. ....................................

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-८

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

## छापामाध्यमसँग प्रकाशन अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........पत्रिका (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रकाशनको सम्बन्धमा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रकाशन गर्ने सूचनाको अंक प्रत्येक महिनाको पहिलो हप्ता भित्र दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको सूचना जुन महिनामा प्राप्त गरेको हो सोही महिना भित्र प्रकाशन गर्नु पर्नेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई सूचना प्रकाशन गरे बापतको रकम कार्यविधि बमोजिमको वर्गीकरणका आधारमा मासिक रुपमा उपलब्ध गराउनेछ।

४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा सूचना प्रकाशन गरेको पुष्टाई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउँनु पर्नेछ।

५. प्रथम पक्षले दोस्रो पक्षले सूचना प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

७. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

८. यसमा लेखिएको बाहेक अन्य कुराको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

९. कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम गरिनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................. | ........................ |
| नामः | नामः | नामः |
| पद | पदः | पदः |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरु

..........................                                        ..........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्.......................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-९

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## अनलाईनसञ्चार माध्यमसँग प्रकाशन अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानून मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........अनलाईन सञ्चार माध्यम (यस पछि दोस्रो पक्ष भनिएको) बीच सञ्चारमाध्यमहरुलाई कार्यक्रम उत्पादन, प्रकाशन तथा प्रसारण अनुदान वितरण कार्यविधि, २०८१ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रकाशनको सम्बन्धमा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि सम्झौता भयो।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रकाशन गर्ने सूचनाको अंक प्रत्येक महिनाको पहिलो हप्ता भित्र दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको सूचना जुन महिनामा प्राप्त गरेको हो सोही महिना भित्र प्रकाशन गर्नु पर्नेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई सूचना प्रकाशन गरे बापतको रकम कार्यविधि बमोजिमको वर्गीकरणका आधारमा मासिक रुपमा उपलब्ध गराउनेछ।

४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा सूचना प्रकाशन गरेको पुष्टाई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउँनु पर्नेछ।

५. प्रथम पक्षले दोस्रो पक्षले सूचना प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

७. सम्झौतामा उल्लेख भएको विषयमा दुविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

८. यसमा लेखिएको बाहेक अन्य कुराको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................. | ......................... |
| नामः | नामः | नामः |
| पद | पदः | पदः |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरु

............................ ..........................

इति सम्वत् २०८१ साल .....महिना ..... गते रोज.... शुभम्.......................................................।

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची-१०

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**प्रसारण अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा**

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम सूचना प्रकाशन गरेको हुनाले देहाय बमोजिम कागजातहरु संलग्न गरी प्रकाशन अनुदान बापतको रकम भुक्तानीको लागी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

निवेदक
नामः
ठेगानाः
पदः
दस्तखतः

संलग्न कागजातहरु

१. ..................................
२. ..................................

रेखा कँडेल
प्रदेश सचिव